# “मलाई तपाईंको महिमा देखाउनुहोस्”



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:**
*प्रस्थान ३३:७-३४:३५; व्यवस्था १८:१५, १८; यूहन्ना १७:३; रोमी २:४; यूहन्ना ३:१६; २ कोरन्थी ३:१८।*

**याद गर्नुपर्ने पद: “त्यसपछि परमप्रभु तिनको सामुन्नेबाट गएर यसो भनी घोषणा गर्नुभयो, ‘परमप्रभु, परमप्रभु टिठ्याउनमा भरिपूर्ण र दयालु परमेश्‍वर, जो क्रोध गर्नमा ढिलो, र प्रेम र विश्‍वस्ततामा प्रशस्त हुनुहुन्छ। उहाँले हजारौँ हजारमाथि कृपा देखाउनुहुन्छ, र दुष्टता, विद्रोह र पाप क्षमा गर्नुहुन्छ। तर उहाँले दोषीलाई कुनै किसिमले पनि सजाय दिनुहुन्छ। पिता-पुर्खाका दुष्टताको दण्ड तिनीहरूका छोराछोरी, नातिनातिना, र तेस्रो र चौथो पुस्तासम्म दिनुहुन्छ”** *(प्रस्थान ३४:६-७)*।

**परमेश्‍वरसँग** हिँडाइमा हामी सबै अघि बढिरहनुपर्छ। यदि हामी बढेनौँ भने हामी मूर्दा वा जिउँदो लास इसाई हुन्छौँ। प्रेरित पत्रुसले यो किटानी गर्छन्, “हाम्रा प्रभु र मुक्तिदाता येशू ख्रीष्टको अनुग्रह र ज्ञानमा बढ्दैजाओ। उहाँलाई अहिले र सदासर्वदा महिमा होस्। आमेन” *(२ पत्रुस ३:१८)*। हाम्रो आत्मिक जीवनमा प्रगति गर्दै लैजाने तिव्र चाहना हामीमा हुनैपर्छ। हामी दिन-दिनै परमेश्‍वरको विश्‍वविद्यालयमा छौं। यहाँ ग्राजुएशन भयो वा पढाइ सक्यो

भन्ने छैन। हामी निरन्तर रूपमा विद्या हासिल गर्ने प्रक्रियामा छौं। प्रत्येक कदममा जब हामी बढ्दैजान्छौं तब परमेश्वरले नै मोड्न हामीले दिएमा हामी सिद्ध हुँदैजानेछौं। येशूमा हामी के हुनुपर्छ र उहाँले के आह्वान गर्नहुन्छ त्यसअनुसार लक्ष्यप्रेरित भएर उहाँको सहायताले हामी अगाडि बढिरहनेछौं।

स्कूलको बारेमा सोचौं। पहिलो कक्षामा हामी अक्षर पढ्न र सयसम्म गन्न सिक्छौं। त्यस स्तरमा परिपक्व भयो भनेर हामी पहिलो कक्षामा पास हुन्छौं। यो बढ्ने कदम हो। तर हाइस्कूलमा पनि त्यही एक कक्षाको मात्र ज्ञान छ भने हामी असफल विद्यार्थी हुनेछौं। परमेश्वरको ज्ञान र अनुग्रहमा बढ्नु भनेको पनि त्यही हो। हामी जब प्रत्येक तहमा बढ्दै वा विकास गर्दैजान्छौं तब जसरी येशू उहाँको दायरामा सिद्ध हुनुभएको थियो त्यसरी नै हाम्रो दायरामा हामी पनि सिद्ध वा परिपक्व हुँदैजानेछौं।

परमेश्वरलाई चिनेर र उहाँका निर्देशनहरू पालन गरेर मोशा प्रभुसँग कसरी हिँडेर बढे भनेर यस अध्यायमा हामी हेर्नेछौं।

# भेट हुने पाल

पढ्नुहोस्: **परमेश्वरले मोशालाई किन भेट हुने पालको निर्माण गर भनेर आदेश दिनुभएको थियो? हेर्नुहोस् प्रस्थान ३३:७-११।**

---

---

इस्राएलीहरूका शिविरको बाहिर भएको भेट हुने पाल र पवित्रस्थानको बीचमा हामी अन्यौल हुनुहुँदैन। पवित्रस्थान शिविरको बीचमा पछि निर्माण भएको थियो। त्यस भेट हुने पालमा मोशाले परमेश्वरसँग कति कुराकानी गर्नुभयो सो हामीलाई थाहा छैन। तर एउटा कुरो हामीलाई थाहा छ कि परमेश्वरसँग मोशाको नजिकको भेटघाटले उहाँहरूका बीचमा घनिष्ठ मित्रता गाँसिएको थियो। बाइबलले स्पष्ट गरेर यसरी व्यक्त गर्दछ, “परमप्रभु मोशासित यसरी आमने-सामने कुरा गर्नुहुन्थ्यो, जसरी कोही आफ्ना मित्रसित कुरा गर्दछ” *(प्रस्थान ३३:११)*। घनिष्ठ मित्र त्यो हो जोसँग सबै कुरा खुला रूपमा छलफल गरिन्छ र अरूहरूलाई ती कुराहरू बाहिर सुनाउँदैन वा प्रकट गर्दैन भनेर एक आपसमा विश्वस्त हुन्छ। आत्मिक साथी हुनु र बन्नु अत्यन्तै मिठो अनुभव हो।

प्रस्थान १९-३४मा लेखिएको मोशाको कथा अत्यन्तै शिक्षाप्रद छ। परमेश्वरले हाम्रो जीवनलाई कसरी परिवर्तन गर्न सक्नुहुन्छ भनेर त्यस विवरणले सिकाउँछ। यो अत्यन्तै असाधारण व्यक्तिसँग परमेश्वरले कस्तो र कसरी सम्बन्ध निर्माण गर्नुभएको थियो? मोशाको जीवनको कथालाई नियाल्दा, परमेश्वरको शक्तिको विषयमा रहेको ज्ञानमा मात्र नभएर उहाँको प्रेम, चरित्र, स्वभाव र मिजासको ज्ञान र बुद्धिमा उनी कसरी बढे भनेर हामी सिक्न सक्दछौं। परमेश्वरसँगको सम्बन्ध सुदृढ गर्न ती तत्त्वहरूले निर्णायक भूमिका खेल्छन् भनेर थाहा पाउनु अति आवश्यक छ।

सिनै पहाडमा आउनुभन्दा अघि परमेश्वरले मोशालाई शक्तिशाली रूपमा प्रयोग गर्नुभएको थियो। उनको विशेष नेतृत्वको भूमिका खेल्न परमेश्वरले उनलाई तयार गरिरहनुभएको थियो। मिद्यानको गाउँमा जब उनले भेडाहरूलाई चराइरहेका थिए, परमेश्वरले दुई किताबहरू लेख्न उनलाई प्रेरणा दिनुभएको थियो। ती किताबहरू अय्यूब र उत्पत्ति हुन्। अनि नाटकिय रूपमा जलिरहेको झाङ्गबाट इस्राएलीहरूलाई मिश्रदेशबाट बाहिर निकाल्न अगुवाइ गर्न परमेश्वरले उनलाई बोलाउनुभएको थियो। परमेश्वरक सामु मिश्रदेशका देवी र देवताहरू र मिश्रदेशका शक्तिशाली सेनाको पराजित भएको उनले प्रत्यक्ष रूपमा अनुभव गरेका थिए। परमेश्वरले इस्राएललाई मिश्रदेशदेखि सिनै पहाडसम्म धेरै हप्ता लगाएर अगुवाइ गर्नुभएको मोशाले अनुभव गरेका थिए। उनको अनुहार चम्केको घटनापछि, उनले अर्को ३९ वर्ष प्रतिज्ञा गरिएको देशको सिमानासम्म इस्राएललाई अगुवाइ गरेका थिए। मोशा परमेश्वरका बफादारी सेवक थिए भनेर बाइबलको सन्देश छ *(व्यवस्था ३४:५; यहोशू १:१)*। अन्धकारमा चम्केका अतुलनीय ज्योति उनी थिए, र उनी अरू अगमवक्ताहरूका निम्ति नमुना वा मोडेल अगमवक्ता थिए, वा अगमवक्ता हुनुपर्ने गुणहरू उनीबाट नाप्न सकिन्थ्यो *(व्यवस्था १८:१५, १८)*। उनी परिवर्तनको माध्यम थिए। दुर्भाग्यवस, मानिसहरूले उनका निर्देशन र वचनहरू सधैँ पालना गरेका थिएनन्। यदि पालना गरेको भए इस्राएलको इतिहास अर्कै हुनेथियो।

**हामीले मोशाबाट सिक्नुपर्छ। उनको असाधारण जीवन कहानीले हामीलाई यो बताउँछ कि यदि परिवर्तन हुन हामीले परमेश्वरलाई सुम्पियौं भने उहाँले के गर्न सक्नुहुँदोरहेछ। तपाईंको जीवनमा परमेश्वरसँगको हिँडाइमा के-के भोग्नुभयो जसले गर्दा तपाईंको जीवनमा उहाँले प्रभावकारी काम गर्नुभएको अनुभव गर्नुभएको छ?**

___

# ताकि मैले तपाईंलाई चिन्न सकूँ

**पढ्नुहोस्: प्रस्थान ३३:१२-१७ पढ्नुहोस्। प्रभुले आफूलाई के सिकाऊन् भनेर मोशाले अनुरोध गरेका थिए? इस्राएलीहरूलाई अगुवाइ गर्न परमेश्वरको उपस्थितिलाई उनले किन माग गरेका थिए?**

________________________________________

________________________________________

प्रभुमा बिस्तारै र स्थिर भएर मोशा बढ्दैथिए। उनी परमेश्वरको नजिक-नजिक आएका थिए ताकि उनी उहाँको स्वरूपमा ढालिन सकोस्। एक दिन उनी भेट हुने पालमा परमेश्वरसँग कुराकानी गर्दैथिए, तब अचानक उनलाई यो महसुस भयो कि उहाँलाई उनले चिनेकै थिएनन्, अनि उनले यो विशेष प्रार्थनाको उच्चारण गरे, "यदि तपाईंको निगाह ममाथि भएको छ भने, अब मलाई तपाईंको मार्ग देखाउनुहोस्, र म तपाईंलाई चिन्न सकूँ र तपाईंको दृष्टिमा निगाह पाइरहन सकूँ। यो जाति तपाईंकै हो भनी सम्झनुहोस्" *(प्रस्थान ३३:१३)*। परमेश्वरलाई गहिरो रूपमा बुझ्न आवश्यकता भएको मोशाले महसुस गरेका थिए। उहाँको बारेमा अझै उच्च स्तरीय ज्ञान पाउने तिर्खा उनलाई लागेको थियो। जति धेरै उहाँको बारेमा उनलाई थाहा थियो, त्यति धेरै उनलाई थाहा नभएको उनले पत्ता लगाएका थिए। आफ्नो आवश्यकता थाहा पाएर नै उहाँलाई सम्पूर्ण हृदयले अझ राम्रोसँग चिन्न चाहेका थिए। उनको इच्छा परमेश्वरले पूरा गरिदिनुभएको थियो।

अहिलेसम्म मोशाका अनुभवहरूलाई हामीले हेर्दा उनी प्रभुसँग घनिष्ठ र गहिरो सम्बन्ध राखेर उहाँको नजिक आएका थिए, र उनी आत्मिक रूपमा बढ्दैगएका थिए।

पहिले त मोशा पहाडमा उक्लेर परमेश्वरकहाँ गएका थिए *(प्रस्थान १९:३)*। अनि उनी पहाडको टुप्पोमा गएका थिए *(प्रस्थान १९:२०)*।

त्यसपछि उनलाई बाक्लो बादलले छोपेको थियो जहाँ परमेश्वर रहनुभएको थियो *(प्रस्थान २०:२१)*।

अर्को समयमा मोशा आफै बादलमा पसे जहाँ परमेश्वर हुनुहुन्थ्यो। त्यहाँ उनी ४० दिन र ४० रात बिताए *(प्रस्थान २४:१८)*। त्यस बेला परमेश्वरले उनलाई दुई अमूल्य उपहारहरू दिनुभएको थियो: (१) परमेश्वरले आफ्नै हातले कुँदेको दुई पाटीमा लेखिएको दश आज्ञा *(प्रस्थान २४:१२)*, र (२) पवित्र स्थानको निर्माण गर्न र त्यसमा सजाउन निर्देशनहरू उहाँले दिनुभएको थियो *(प्रस्थान २५-३१)*।

अनि पापीहरूका निम्ति अन्तर्बिन्ती गर्न उनी थप ४० दिन र ४० रात प्रभुसँग बिताएका थिए *(प्रस्थान ३२:३०-३२; व्यवस्था ९:१८)*।

अझ ती सबैको बाबजुद पनि मोशाले परमेश्वरका चरित्रको बारेमा अझै ठोस रूपमा चिन्न इच्छा प्रकट गरेका थिए। अनि परमेश्वरले उनलाई विशेष अन्तर्ज्ञान दिनुभयो ताकि उहाँ को हुनुहुन्छ भनेर उनले थाहा पाए। मोशाले चाहेको ज्ञान परमेश्वरको बारेमा केवल बौद्धिक ज्ञान मात्र थिएन तर परमेश्वरको व्यक्तित्वसँग अनुभवीय ज्ञान उनले चाहेका थिए।

शताब्दीयौँपछि येशूले आफ्नो प्रार्थनामा मानिसहरूको लक्ष्य के हो भनेर उहाँकै मुखारबाट निकाल्नुभएको थियो, "अनन्त जीवन यही हो, कि तिनीहरूले तपाईं, एकमात्र सत्य परमेश्वरलाई चिनून्, र तपाईंले पठाउनुभएको येशू ख्रीष्टलाई चिनून्" *(यूहन्ना १७:३)*। परमेश्वर आफै मानव रूप आउनुभएर मानव स्तरमा झरेर आफूलाई चिनाउनुभएको जस्तो उत्तम उपाय अरू के होला?

**के तपाईं परमेश्वरलाई चिन्नुहुन्छ, वा औपचारिक रूपमा थाहा छ मात्र भन्नुहुन्छ? ती दुईका बीचमा के निर्णायक भिन्नता छ?**

# "तपाईंको महिमा देखाउनुहोस्"

इस्राएलीहरू धर्मभ्रष्ट भएर सुनको बाच्छालाई पूजा गरेपछि मोशाले तिनीहरूका निम्ति पहल गरेका थिए। तिनीहरू प्रतिज्ञा गरिएको देशमा नपुगञ्जेल अगुवाइ गर्ने प्रतिज्ञा परमेश्वरले मोशालाई दिनुभएको थियो। तर अझ राम्रोसँग प्रभुलाई चिन्ने भनेर मोशाको भित्री हृदयको चाहना थियो।

पढ्नुहोस्: **प्रस्थान ३३:१८-२३ पढ्नुहोस्। उहाँका महिमा देखाउन मोशाको अनुरोधलाई परमेश्वरले कसरी जवाफ दिनुभयो?**

"तपाईंको महिमा वा गौरव मलाई देखाउनुहोस्," मोशाले प्रभुसँग बिन्ती गर्छन्। उहाँको निगाहामा प्रभुले उनलाई उहाँको महिमा देखाउनुभएको थियो। तर मोशाको अनुरोधलाई स्वीकार्दा परमेश्वरले उहाँको भलाइ वा वैभव देखाउने प्रतिज्ञा गर्नुभएको थियो। उहाँको महिमा नै उहाँको चरित्रमा भएको सर्वहित थियो भनेर हामी ढुक्क हुन सक्छौं (निम्न अंशहरू पनि हेर्नुहोस्: एलेन जी. ह्वाइटको *आक्ट्स अभ द आपोस्टल्सको* पृ. ५७६; *क्राइस्ट अबजेक्ट लेसनसको* पृ. ४१४, ४१५; *प्रोफेटस एण्ड किङ्सको* पृ. ३१३)।

"उहाँका गुण उहाँका भक्तजनहरूलाई दिनु नै उहाँको महिमा थियो। उहाँका जनहरू, पुरुष र स्त्री उच्चभन्दा पनि उच्च स्तरमा पुगेका उहाँको चाहना हो।"—एलेन जी. ह्वाइट, *आक्ट्स अभ द आपोस्टल्स*, ५३०। पश्चात्ताप गरेका पापीहरूलाई अङ्गाल्नु नै उहाँको महिमा थियो (*प्रोफेटस् एण्ड किङ्स*, पृ. ६६८), र तिनीहरूलाई परिवर्तन गर्न आवश्यक पर्ने सबै थोकको आपूर्ति गर्नु पनि उहाँको महिमा हो। फेरि त्यसै बखत हाम्रो

जीवनमा उहाँको चरित्र, स्वभाव र मिजासलाई प्रकट गर्नु हाम्रो महिमा वा गौरव हो। अरूहरूलाई उहाँको बारेमा थाहा दिनु हाम्रो अवसर र गर्व हो।

यो परमेश्वरको चरित्र, स्वभाव, मिजास, भलाइ, दया, करुणा र कोमल माया हाम्रा सबै क्रियाकलापहरूमा प्रतिबिम्बित गर्नुपर्छ। यसरी हामी संसारको निम्ति आशिष् हुने अवसर मात्र होइन, सारा जगत्को दृश्यमा हामी चहकिलो ज्योति हुन सक्छौं। यस मामिलामा पावलले यसरी व्यक्त गर्दछन्, "जुलुसको पछिल्लो भागमा रहने मृत्युदण्ड पाएकाहरूलाई जस्तै परमेश्वरले हामी प्रेरितहरूलाई प्रदर्शनमा राख्नुभएजस्तै मलाई लाग्दछ। किनकि संसार, स्वर्गदूतहरू र मानिसहरूका निम्ति हामी तमाशा भएका छौं" *(१ कोरिन्थी ४:९)*। यस ब्रह्माण्डीय दृष्टिकोणबाट यस संसारमा हाम्रो जीवन, सेवा र लक्ष्य कस्तो रहेछ भनेर अलिकति मात्र कल्पना गर्न सक्छौं।

पावलले रोमी २:४मा यस्तो भावना व्यक्त गर्दछन्, "परमेश्वरको कृपाले तिमीलाई पश्चात्तापमा डोऱ्याउँछ भन्ने थाहा नपाएर, के तिमी उहाँको दया, सहनशीलता र धैर्यको प्रशस्ततालाई तुच्छ ठान्छौ?" अर्थात् परमेश्वरको कृपा र चरित्र जुन पवित्र आत्माले औँल्याउनुहुन्छ, त्यसले गर्दा तिनीहरूलाई मुक्तिको आवश्यकता भएको महसुस गर्छन्। जब हामीले क्रूसमा हेर्छौं र त्यहाँ को हुनुहुन्छ (प्रभु आफै) र उहाँ त्यहाँ किन हुनुभयो भनी थाहा पाउँछौं, किनभने उहाँले हामीलाई प्रेम गर्नुभएको कारणले उहाँ त्यहाँ जानुभयो; तब यही उपायले मात्र हामीलाई मुक्ति दिन सक्ने भएकोले क्रूसमा मानिसप्रति उहाँको हित र चरित्रको चरम प्रकट भएको हामी देख्न सक्छौं।

**तपाईंले क्रूसमा ध्यान गर्ने समय कति बिताउनुहुन्छ र परमेश्वरको चरित्रको बारेमा त्यसले तपाईंलाई के भनिरहेको छ?**

# परमेश्वरको आत्म-प्रकाश

पढ्नुहोस्: **प्रस्थान ३४:१-२८ पढ्नुहोस्। मोशालाई परमेश्वरले आफ्नो महिमा कसरी देखाउनुभयो?**

मोशाले पहिलाको जस्तै ढुङ्गाका दुई पाटीहरू बोकेर पहाडमा उक्लिनुपरेको थियो। पहिला पाटीहरू उनले फुटाएका थिए *(प्रस्थान ३२:१९)*। उनी सातौँ पल्ट प्रभुलाई सिनै पहाडमा भेट्न जाँदैथिए। उनी पहिला उक्लेका विवरणहरू देहायका पदहरूमा दिइएका छन्: (१) प्रस्थान १९:३, ७; (२) प्रस्थान १९:८, १४; (३) प्रस्थान १९:२०, २५; (४) प्रस्थान २०:२१; प्रस्थान २४:३; (५) प्रस्थान २४:९, १२-१८; प्रस्थान ३२:१५; (६) प्रस्थान ३२:३०, ३१। मोशा बिहान सबैरै पहाडमा उक्लिन थालेका थिए।

मोशाले अब परमेश्वरको चरित्रको महिमित दिव्यज्ञान प्राप्त गर्न तयार थिए। परमेश्वरको चरित्रको सौन्दर्यता उहाँ आफ्नै प्रकाशको चकित पार्ने उत्तम व्याख्या गर्नुभएको थियो। यसमा परमेश्वर को हुनुहुन्छ भन्ने अत्यन्तै महत्त्वपूर्ण विवरण प्रस्तुत गरिएको छ; यो बाइबलभरि सुनको धागो जस्तै बुनिएको छ *(गन्ती १४:१८; नहेम्याह ९:१७; भजनसंग्रह १०३:८; योएल २:१३; योना ४:२)*। पुरानो करारमा प्रकट गरिएको परमेश्वरको चरित्रलाई यूहन्ना ३:१६ले स्पष्ट पार्दछ। विभिन्न निर्णायक पदहरूमा बाइबलका लेखकहरूमा जीवित परमेश्वरको आत्म-प्रकाशलाई प्रयोगात्मक रूपमा उल्लेख गरिएको छ, दोहोऱ्याइएको छ र विस्तार गरिएको छ, किनकी परमेश्वरका चरित्र, स्वभाव र मिजासलाई ठीकसँग बुझ्नु अनिवार्य छ।

जब मोशाले परमेश्वरका नाउँलाई असाधारण, अभूतपूर्वक र अतुलनीय रूपमा व्याख्या गरिएको पाए तब उनले शिर झुकाएर प्रभुको

आराधना गरे। जब हामीले पनि परमेश्वरको प्रेम, अनुग्रह, दया, करुणा, भलाइ, बफादारीता, क्षमाशील, पवित्रता र न्यायको बारेमा झलक पाउँछौं, तब हामी पनि उहाँतिर आकर्षित हुन्छौं। जब हामीले उहाँका असाधारण गुणहरूलाई देखेर तारिफ गर्न पुग्छौं तब हामीले पनि उहाँलाई प्रेम गर्न थाल्छौं। त्यो प्रेमले उहाँको सेवा गर्ने र उहाँको आज्ञा पालन गर्ने चाहनालाई उब्जाउँछ। उहाँले नै पहिला प्रेम गर्नुभएकोले त्यसको जवाफमा उहाँलाई प्रेम फर्काउँछौं *(१ यूहन्ना ४:१९)*।

यस आत्म-प्रकाशमा परमेश्वरले मोशालाई ढुक्क बनाउनुभएको थियो कि उहाँले अलौकिक कामहरूद्वारा उहाँका जनहरूलाई प्रतिज्ञा गरिएको देशमा अगुवाइ गर्नुहुनेछ। उहाँले करारलाई नविकरण गरेर तिनीहरूलाई सुनाउनुहुन्छ। सारा राष्ट्रहरूले उहाँका राजशी र उदेकलाग्दो काम देख्नेछन् भनेर उहाँले सुनाउनुभएको थियो। "हेर्, तिमीसँग म एउटा करार बाँध्छु। तिम्रा सारा मानिसहरूकै सामु म यस्ता आश्चर्यका कामहरू गर्नेछु, जो सारा पृथ्वीमा कुनै जातिमा कहिल्यै गरिएका छैनन्। यी मानिसहरू, जसका बीचमा तिमी छौ, तिनीहरूले देख्नेछन् कि म, परमप्रभु, तिम्रो लागि एउटा आश्चर्यपूर्ण काम गर्नेछु" *(प्रस्थान ३४:१०)*।

तर इस्राएलीहरूले परमेश्वरका आज्ञा पालन गर्नुपर्थ्यो र उहाँका दश नीतिहरूलाई स्पष्ट रूपमा पालन गर्नुपर्थ्यो, अनि मात्र तिनीहरूको समुच्चा विकास हुन्थ्यो। अनि परमेश्वरले मोशालाई उनले भाँचेको दश आज्ञाको करारलाई लेख्न अह्राउनुभएको थियो *(प्रस्थान ३४:२७, २८)*।

# मोशाका अनुहार चम्किन्छ

पढ्नुहोस्: **प्रस्थान ३४:२९-३५ पढ्नुहोस्। मोशाको अनुहारको उज्ज्वलताको कारण के थियो?**

परमेश्वरले मोशालाई उहाँको प्रेमको चरित्र प्रकट गर्नुभएपछि उनी इस्राएलीहरूका शिविरमा ओर्ले। त्यस बेला उनका अनुहार उज्ज्वल भएको थियो। के आफ्नो अनुहार चम्किएको मोशालाई थाहा थियो त? अहँ थाहा थिएन। जब कोही परमेश्वरको नजिक आउँछ तब उहाँको पवित्रताको सामु आफ्नो असिद्धताहरूप्रति सजग हुन्छन्।

मोशाको अनुहार उज्ज्वल हुने कुराचाहिँ मोशामा के परिवर्तनको कारणले थियो? उनी परमेश्वरको समिपमा भएको कारणले मात्र होइन। उनी प्रभुसँग धेरै पल्ट थिए, तर उनका अनुहार चम्किएको थिएन। तर उनी प्रभुको उपस्थितिको सामु नभएको भए उनको अनुहार कहिल्यै चम्किनेथिएन। जब परमेश्वरको भलाइ र दयालाई उनले बुझे तब उनले उहाँको चरित्रको सौन्दर्यतालाई देख्न आफूलाई पूरै खोलेका थिए अर्थात् उहाँलाई पूरै समर्पण गरेका थिए। अनि मोशा परिवर्तन भयो र उनका अनुहार चम्किएको थियो। जब हामीले परमेश्वरलाई समर्पण गर्छौं तब हाम्रा हृदय र दिमाग परिवर्तन भएको अनुभव गर्छौं र उहाँलाई हाम्रा जीवनका प्रभु र राजा बनाउँछौं।

**पढ्नुहोस्: तपाईंलाई येशूले उहाँको स्वरूपमा बिस्तारै कसरी परिवर्तन गर्न सक्नुहुन्छ? हेर्नुहोस्, २ कोरन्थी ३:१८।**

____________________________________________

____________________________________________

पावलले मोशाका चहकिलो अनुहारलाई येशू ख्रीष्ट र उहाँका महिमासँग तुलना गर्छन्। उहाँ परमेश्वरको व्यवस्था र अनुग्रहको मानवी रूप हुनुहुन्थ्यो। मोशाको व्यवस्थाको महिमाभन्दा येशूको महिमा अपार थियो। जब हामीले हाम्रा नजरहरू ख्रीष्टमा लगाइराख्छौं तब र उहाँ र उहाँका दश आज्ञा हाम्रो चरित्रमा कोरिन्छ *(हिब्रू ३:१; हिब्रू १२:२)* र उहाँको आत्माको शक्ति हामीमा आउँछ *(२ कोरन्थी ३:१२-१८)*।

मोशा हाम्रो निम्ति नमुना वा मोडेल हो। परमेश्वरले हाम्रा चरित्रलाई परिवर्तन गर्न जब हामी दिन्छौं, उहाँले के गर्न सक्नुहुन्छ भनेर मोशाले देखाउँछन्। मोशाजस्तै हामीलाई पनि ईश्वरीय स्वरूपमा उहाँले ढाल्नुहुन्छ। नयाँ जीवनमा *(रोमी ६:४)* हिँड्नु के हो भन्ने पावलको चर्चाले यही नै देखाउँछ।

**तपाईंको चरित्रका कुन-कुन पक्षहरूले परमेश्वरको चरित्रलाई राम्रोसँग प्रतिबिम्बित गर्दछन्? शायद थोरै होला, होइन त? तर हामी क्रूसमा कसरी केन्द्रित हुनुपर्छ जसले हामीलाई हौसला दिन्छ र मुक्ति पाउन विश्वस्त गराउँछ?**

____________________________________________

**थप जानकारी:** एलेन जी. ह्वाइटले लेख्नुभएको *पाट्रियार्क्स एण्ड प्रोफेटसको* पृ.३२७-३३०को "आइडोलेट्री आट साइनाइ" भन्ने अध्याय होसियारी साथ पढ्नुहोस्।

एक दिन बादल लागेको बेलामा बाबु र छोरो भव्य चर्च भवनमा हेर्न गएका थिए। त्यहाँका झ्यालहरूमा सिसाहरू थिए जसले बाइबलका विभिन्न दृश्यहरू चित्रण गरिएको थियो। अचानक घाम लाग्यो र घामको किरणले त्यस सिसामा भएका मानिसहरूका चित्रहरूमा पऱ्यो। चम्किलो घामको किरण ती मानिसहरूका अनुहारमा पर्दा प्रभावकारी देखिन्थ्यो। सानो छोरोले बाबुलाई सोध्यो: "बुबा, ती मानिसहरू को हुन्?" बाबुलाई इसाई धर्म, येशू र चेलाहरूको बारेमा खास केही थाहा थिएन। तर तुरुन्तै जवाफ दिए, "यिनीहरू इसाईहरू हुन्।" यो चकमक भएको चित्र त्यस छोराको दिमागमा गाढा भएर बसेको थियो। एक दिन कक्षामा त्यस केटाको शिक्षकले सोधे, "नानीहरू हो, तिमीहरूलाई इसाईहरू को हुन् थाहा छ?" त्यस केटाले चर्चमा देखेको चहकिलो चित्रलाई सम्झे। उसले जवाफ दियो: "मलाई थाहा छ, इसाईहरू चम्किलो मानिसहरू हुन्।" त्यसैलाई मनमा राखेर येशूले भन्नुभएको अर्तिलाई ख्याल गरौं, "तिमीहरू संसारका ज्योति हौ। डाँड़ामा बसालिएको सहर लुक्न सक्दैन। मानिसहरूले बत्ती बालेर पाथीले त छोप्दैनन्, तर सामदानमा राख्दछन्, र घरमा हुने सबैको निम्ति त्यसले उज्यालो दिन्छ। यसरी नै तिमीहरूको ज्योति मानिसहरूका सामुन्ने चम्कोस्, र तिनीहरूले तिमीहरूका सुकर्म देखून्, र स्वर्गमा हुनुहुने तिमीहरूका पिताको महिमा गरून्" *(मत्ती ५:१४-१६)*।

## छलफलको लागि प्रश्नहरू:

१. "यदि हामी परमेश्वरको सामु नम्र भएर झुक्यौं, दयालु, मायालु, कोमल, करुणामय र शिष्ट भयौं भने, सत्यलाई अहिले एक जनाले मात्र मान्छ भने सय जना मानेछन्।"—एलेन जी. ह्वाइट, *टेस्टिमोनिज फर द चर्च*, ठेली ९, पृ. २८९। हाम्रा चरित्र, स्वभाव, मिजास, क्रियाकलाप र मनस्थितिले प्रभुको गवाही दिन कस्तो प्रभाव पार्दोरहेछ भनेर उपर्युक्त कथनमा हामी कस्तो प्रभावकारी सन्देश पाउँछौं?

२. प्रस्थान ३४:६, ७लाई पुरानो करारको यूहन्ना ३:१६ भनेर सम्बोधन गरिएको छ, किन?

३. प्रस्थान ३४:६, ७मा बताइएको परमेश्वरको आत्म-प्रकाशको आधारमा उहाँको चरित्रको सुन्दरतालाई तपाईंले कसरी व्याख्या गर्न सक्नुहुन्छ? कसैले तपाईंलाई परमेश्वर को हुनुहुन्छ वा कस्तो हुनुहुन्छ भनेर सोध्यो भने तपाईंले के जवाफ दिनुहुन्छ?

४. शबाथ स्कूल क्लासमा येशूलाई विश्वास गर्छु भन्नेहरूका हिंडाइ, बोलीचाली र क्रियाकलापहरूले अरूहरूमा कसरी छाप पार्छन् भनेर छलफल गर्नुहोस्। दयालु, नम्र, अनुग्रही र क्षमा दिने मानिसहरूको सम्पर्कमा तपाईंको अनुभव के छ? त्यसै समय, आफ्नो भाउ खोज्ने, जोरी खोज्ने, निष्ठुर, दबाउने, हैकमवादी, क्षमा नदिने र हठी इसाईहरूले तपाईंको इसाई जीवनमा कसरी प्रभाव पारेका छन्, सोच्नुहोस्।

## बाट्काको सधैँको लागि सबैभन्दा राम्रो साथी

*लेखक:* आन्ड्यु मेकचेस्नी

बाट्काले मङ्गोलियामा धेरै एक्लो भएको महसुस गरेको थियो। ऊ प्रायः आफ्नो घरको झ्यालमा उभिएर बाहिर हेर्थ्यो। उसले एक पक्का साथी खोजेको थियो जो सधैँभरि उसको साथमा रहनेछ।

लजालु र डरपोक १४ वर्षीय बाट्का उसको परिवारीको एक्लो छोरा थियो। बुबा सधैँ काममा हुनुहुन्थ्यो। आमालाई मानसिक स्वास्थ्यको समस्या थियो, र उनी हरेक वर्ष एक महिना अस्पतालमा बिताउने गर्थिन्। बाट्का धेरै एक्लो भएको महसुस गर्थ्यो। ऊ मर्न चाहेको थियो।

एक दिन उसको ठूलो बुवाको छोरी डुगीले उसलाई मङ्गोलियाको राजधानी उलानबाटारमा रहेको सेभेन्थ-डे एड्भेन्टिष्ट चर्चमा जान बोलाए। "चर्चमा आऊ," उनले भनिन्। "त्यहाँ केही रोचक कार्यक्रम हुँदैछ।"

बाट्का एक्लो भएको कारणले चर्च गयो। उसले प्रवचनबाट एक शब्द पनि सुनेन। बिजुलीको समस्याका कारण माइक्रोफोनले काम गरिरहेको थिएन, र उसको सुन्ने शक्ति पनि कमजोर थियो। त्यसले गर्दा प्रचारकले दिएको प्रवचन उसलाई सुन्न गाह्रो भएको थियो। तर सदस्यहरूका माया उसलाई मन पर्‍यो। उनीहरू मुस्कुराएर र उसलाई ग्रहण गरे। तिनीहरूले उसलाई साथीजस्तै व्यवहार गरे। उसलाई गीतहरू पनि मन परेको थियो। चर्चले उसलाई हँसिलो बनायो। अर्को शबाथमा फेरि उसलाई हँसिलो बनायो।

चर्चका सदस्यहरूले परमेश्वरका बारेमा बोले र उहाँ तिनीहरूका सबैभन्दा मिल्ने साथी भनेर सुनाए।

"परमेश्वर तिम्रो निम्ति पनि सधैँका लागि साथी हुन सक्नुहुन्छ," एक जनाले बाट्कालाई भन्यो।

"तिमी कहिलै पनि एक्लो हुनुहुनेछैनौ," अर्कोले भन्यो।

के परमेश्वर साँच्चिकै हुनुहुन्छ कि भनेर बाट्काले सोच्यो। *"म उहाँलाई देख्न सक्दिन। तैपनि उहाँ मेरो साथी हुन सक्नुहुन्छ?"* उसले सोच्यो।

त्यसपछि, ऊ हरेक शबाथमा चर्च जान थाल्यो। उसको जीवनको एक मात्र सकारात्मक स्थान चर्च बन्यो, र चर्चका सदस्यहरू उसका परिवार बने। जीवनको अर्थ उसले पायो। अब बाट्काले बाँच्ने चाहना गऱ्यो।

बिस्तारै-बिस्तारै, परमेश्वर साँच्चिकै हुनुहुन्छ भनेर बाट्काले विश्वास गर्न थाल्यो। उसको कानले परमेश्वर बोल्नुभएको त सुनेन, तर उसको हृदयले परमेश्वरको आवाज सुनेको थियो। परमेश्वर उसका सधैँका लागि सबैभन्दा मिल्ने साथी बन्नुभयो, उसको मन परिवर्तन गर्नुभयो, र उसको जीवन पनि परिवर्तन गर्नुभयो।

आज, बाट्का ओर्गिल ३१ वर्षका छन् र उनी परमेश्वरमा नयाँ व्यक्ति हुन्। पहिले शान्त र डरपोक केटा अब ग्लोबल मिसनको पायोनिएर भएर मङ्गोलियामा चर्च नभएका ठाउँहरूमा जाँदै चर्चहरू स्थापना गर्दैछन्। "मलाई मेरो जीवन कसरी परिवर्तन भएको छ भनेर सुनाउन मन पर्छ," उनले भने। "मजस्तो मानिसहरूलाई सहायता गर्न चाहन्छु। त्यसैले म मिसनरीको रूपमा सेवा गरिरहेको छु।"

विवाहित र दुई छोराछोरी भएका बाट्काले भने कि उनले एक पटक सोचेका थिए कि परमेश्वरले प्रतिभाशाली मानिसहरूलाई मात्र मिसनरीको रूपमा छान्नुहुन्छ, "तर अब म बुझ्छु कि उहाँले सही मानिसहरूलाई मात्र छान्नुहुन्छ।"



"म आफैमा विश्वास नगरे पनि, परमेश्वरले मलाई विश्वास गर्नुभयो," उनले भने। "यदि परमेश्वरले मलाई विश्वास गर्न सक्नुहुन्छ भने, म पनि उहाँमा विश्वास गर्न चाहन्छु।"